भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको बैठक मिति २०८१/०९/११

नगर कार्यपालिकाको ३६औं बैठकका प्रस्तावहरु

१) गत बैठकका निर्णय समीक्षा सम्बन्धमा ।

२) जनकपुरधाम उपमहानगरपालिका भगिनी कार्यदल गठन सम्वन्धमा ।

३) व्यवसाय सम्बर्द्धन प्रवर्द्धन व्यवस्थापन समिति (BIC) सञ्चालन सम्बन्धी अभिमुखीकरण सम्बन्धमा ।

४) कार्यविधिहरु स्वीकृत गर्ने सम्वन्धमा

क) भीमेश्वर नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७८ परिमार्जन सहित

ख) महिला आत्मनिर्भर कार्यक्रम सन्चालन कार्यविधि, २०८१

ग) कृषि बजार विकास तथा व्यवस्थापन कार्यविधि, २०८१

घ) तेस्रो सन्तानदेखि प्रोत्साहन कार्यविधि, २०८१

५) झो.पु. गैसस (NGO) को म्याद थप सम्वन्धमा ।

६) आयोजना रकमान्तर/शिर्षकान्तर सम्वन्धमा ।

७) कानूनहरु निर्माण सम्वन्धमा ।

८) भीमेश्वर रङ्गशाला भवनको भुई तल्लाको सटर भाडा दर सम्वन्धमा ।

९) सरसफाई व्यवस्थापनमा प्रविधिमा आधारित सूचना प्रणाली र पुनः चक्रण सम्वन्धी द एसिया फाउन्डेसन परियोजनालाई प्रस्ताव पत्र पेश गर्ने सम्वन्धमा ।

१०) सातदोवाटो सार्वजनिक शौचालयको सन्चालन शुल्क तोक्ने सम्वन्धमा ।

११) करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा/सुविधा सम्वन्धमा ।

१२) धुलिखेल अस्पताल र पोसिबलले गर्भवती तथा सुत्केरी महिलामा हुने मानसिक स्वास्थ्य समस्या सम्वन्धी अध्ययनका लागि अनुमति माग सम्वन्धमा ।

१३) सेतो ढुंगा लिफ्ट खानेपानी, भीनपा ५ सम्वन्धमा ।

१४) बेरुजु फछ्र्यौट सम्वन्धमा ।

१५) सरसफाई शुल्क सम्वन्धमा ।

१६) दुजीयाङयान शहरसँगको मैत्री सम्वन्ध स्थापना सम्वन्धमा ।

१७) ५ नं. वडा कार्यालयको भवन सम्वन्धमा ।

१८) डिही फसिभै एकिकृत बस्ती विकास सम्वन्धमा ।

१९) थुम्का पिपलबोट चदर्खा पानीघाट सडक टारी खोला पुल आयोजना सम्वन्धमा ।

२०) आयोजना तथा कार्यक्रमको सम्झौता गर्ने म्याद थप सम्वन्धमा ।

२१) विविध विषयहरु :

क) दोलखा उद्योग वाणिज्य संघ, दोलखाको प्रस्ताव पत्र सम्वन्धमा ।

ख) गीता नेपालीको अस्थायी बसोबास सम्वन्धमा ।

ग) भीनपा ९ का लाल बहादुर तामांगको पशुपन्छी फार्ममा चौपाया मरेकोले आर्थिक सहयोग माग सम्वन्धमा ।

घ) छहरा भित्ता सिंचाई कुलो निर्माण, भीनपा ३ का लागि बजेट माग सम्वन्धमा

ङ) वडा अध्यक्ष कप फूटबल प्रतियोगिता, २०८१ वडा नं. ५ सन्चालन सम्वन्धमा ।

च) पाटी डिल - ठ्याखेत सिचाई कुलो निर्माण, भीनपा ७ क लागि बजेट माग सम्वन्धमा ।

छ) भीनपा ४ स्थित पहिरो रोकथाम गरे वापतको भुक्तानी दिने सम्वन्धमा ।

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको बैठक मिति २०८१/०९/११

निर्णय नं. १ : यस नगरपालिकाको गत महिना बसेको नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको अवस्थाको समीक्षा गरियो ।

निर्णय नं २ : भीमेश्वर नगरपालिका र जनकपुरधाम उपमहानगरपालिका बीच भएको भगिनी सम्बन्धलाई अझ प्रभावकारी बनाउनको लागि दुई नगरपालिकाको सहभागितामा मिति २०८१ मङ्सिर २१ गते जनकपुरधाम उपमहानगरपालिकामा भएको बैठकमा दुवै नगरपालिकाकाबाट ६/६ जनाको कार्यदल गठन गरी सोही कार्यदलले एकिकृत बैठकको प्रस्ताव तथा खाका तयार गर्ने भनी निर्णय भएकोमा उक्त कार्यको लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

संयोजकः श्री स्टालिन श्रेष्ठ, संयोजक, सामाजिक विकास समिति

सदस्यः श्री सुसिला थापा, कार्यपालिका सदस्य

सदस्यः ई. सुरेश राउत, , पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख

सदस्यः श्री शान्तकृष्ण श्रेष्ठ विज्ञ, साहित्य, संस्कृति तथा पर्यटन

सदस्यः श्री बिर्ख क्षेत्री, विज्ञ, संस्कृति तथा पर्यटन

सदस्य सचिव नारायण प्रसाद सेढाई, आर्थिक विकास शाखा प्रमुख

निर्णय नं ३ : द एसिया फाउण्डेसनको आर्थिक सहयोगमा Invest and infra प्रालिले भीमेश्वर नगरपालिकामा विगत एक वर्ष देखि स्थानीय आर्थिक गतिविधिहरु सुधार गर्न व्यवसायिक विकास प्रवर्द्धन कार्यक्रम (BIC) सञ्चालन गरिरहेकोमा यसको प्रभावकारिताको सम्बन्धमा उक्त संस्थाको तर्फबाट मिति २०८०/०३/०६ गते अभिमुखिकरण सम्पन्न भएको र व्यवसाय सम्बर्द्धन प्रवर्द्धन व्यवस्थापन समिति मार्फत उक्त कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं ४ : यस नगरपालिकाले तयार पारिएको देहाएको कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

क) कृषि बजार विकास तथा व्यवस्थापन कार्यविधी, २०८१

ख) महिला आत्मनिभर कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

ग) आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७८ परिमार्जन सहित २०८१

घ) तेस्रो सन्तानदेखि प्रोत्साहन कार्यविधि, २०८१

निर्णय नं. ५ : यस नगरपालिका क्षेत्रभित्र निर्माण हुने झोलुंगे पुलहरुको प्राविधिक कार्यका लागि गैसस छनौट भई सम्झौता भएको दीगो विकासका लागि नागरिक मन्च (CIVIC FORUM) काभ्रेपलान्चोकसँगको सम्झौता म्याद २०८१ असार मसान्तमा म्याद समाप्त भएकोमा उक्त संस्थाले सन्तोषजनक रुपमा कार्य गरेको हुँदा उक्त संस्थासँगको सम्झौता म्याद निजले निवेदन दिएको मितिबाटै लागू हुनेगरी २०८२ असार मसान्तसम्मको लागि म्याद थप गर्ने र आगामी आ.व.का लागि गैसस छनौट गर्न चालु आ.व. भित्रै सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत आयोजना तथा कार्यक्रममा देहायका आयोजनाहरु संशोधनका लागि सम्वन्धित वडा कार्यालयबाट सिफारिस भई आएकोले आगामी नगर सभाबाट अनुमोदन गराउने गरी तपसिल बमोजिम रकमान्तर/शिर्षकान्तर/योजना संसोधन गर्ने निर्णय गरियो ।

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको बैठक मिति २०८१/०९/११

| क्र.स. | बजेट शि.नं. | साविकको आयोजना | रकम रु. | संशोधित आयोजना | रकम रु. |
|---|---|---|---|---|---|
| १ | २६ | मकैबारी पार्क तथा डिजिटल बोर्ड तयार (शहरी शासकीय) | १४,००,००० /- | मकैबारी सडक तथा शौचालय निर्माण | १४,००,०००/- |
| २ | १३४ | दलित प्रोत्साहन तथा शिप विकास कार्यक्रम | २,००,०००/- | छुवाछुत तथा जातीय विभेद सम्वन्धी कार्यक्रम | २,००,०००/- |
| ३. | १३० | एकल महिलाको सिपमूलक कार्यक्रम | २,००,०००/- | एकल महिलाहरुलाई अधिकार सम्वन्धी जनचेतनामूलक कार्यक्रम | २,००,०००/- |
| ४. | १३३ | जेष्ठ नागरिक प्रोत्साहन खर्च कार्यक्रम | २,००,०००/- | जेष्ठ नागरिकलाई अन्तर्पुस्ता र अल्जाईमर सम्वन्धी जनचेतनामूलक कार्यक्रम | २,००,०००/- |
| ५ | ५४० | यार्सा- नयाँबस्ती -फयलगाउँ | १४,००,००० | फयलगाउँ सडक स्तरोन्नति | ३,००,०००/- |

वडा नं. १

| क्र.स. | बजेट शि.नं. | साविकको आयोजना | रकम रु. | संशोधित आयोजना | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ३०० | ठुलो पधेरो खानेपानी मर्मत तथ | १,००,०००/- | गुसेश्वर महादेव पाटी निर्माण | २,००,०००/- |
| २ | ३१७ | सेतीदेवी मन्दिर निर्माण | १,००,०००/- | | |
| ३ | २८२ | दलित आयआर्जन कार्यक्रम | ३,००,०००/- | शिव मन्दिर पूर्वाधार निर्माण | ३,००,०००/- |

वडा नं. ४

| क्र.स. | बजेट शि.नं. | साविकको आयोजना | रकम रु. | संशोधित आयोजना | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ४०५ | लाम्पाटा पहिरो रोकथाम कार्यक्रम | १,००,०००/- | बिउको पशु खरिद कार्यक्रम | १,००,०००/- |

वडा नं. ५

| क्र.स. | बजेट शि.नं. | साविकको आयोजना | रकम रु. | संशोधित आयोजना | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ४५७ | पन्चकुमारी मन्दिर निर्माण आयोजना, पुछार माटि | २,००,०००/- | बुढाभीमसेन खेल मैदान भौतिक पूर्वाधार | २,००,०००/- |

वडा नं. ९

| क्र.स. | बजेट शि.नं. | साविकको आयोजना | रकम रु. | संशोधित आयोजना | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ५६० | कामधेनु महादेव मन्दिर निर्माण | २,००,०००/- | कामधेनु महादेव मन्दिर गोरेटो बाटो सिढी निर्माण | २,००,०००/- |
| २ | ५६१ | कालीदेवी र सेतीदेवी मन्दिर निर्माण | १,००,०००/- | कालीदेवी र सेतीदेवी मन्दिर घेरावार | २,००,०००/- |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | ५४८ | वडाको बिर्त्तिचित्र निर्मण | १,५०,०००/- | कार्यालय व्यवस्थापन विद्युतीय सामाग्री खरिद | १,००,०००/- |
| | | | | निगाले भित्रीटार फोक्टे गोरेटो बाटो निर्माण (प्रधानमन्त्री रोजगार) | ५०,०००/- |

निर्णय नं. ७ : यस नगरपालिकाको लागि आवश्यक पर्ने मस्यौदा कानून/कार्यविधि तयार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो ।

तपसिल

क) लैङ्गिक समानता अपाङ्गता सामाजिक समावेशिकरण नीति तथा रणनिति कार्यान्वयन कार्यबिधि, २०८१

ख) महिला, शान्ति र सुरक्षाको १३२५ र १८२० को कार्यान्वयन स्थानिय समितिको कार्यबिधि, २०८१

ग) शिक्षा ऐन संशोधन, २०८१

घ) नगरस्तरीय बालगृह अनुगमन र बालश्रम नियन्त्रण कार्यबिधि, २०८१

ङ) बालक्लब गठन दर्ता कार्यबिधि, २०८१

च) बाल श्रममुक्त स्थानिय तह घोषणा कार्यबिधि सन्चालन, २०८१

ज) आप्रवासी स्रोत केन्द सञ्चालन तथा व्यवस्थापन कार्यबिधि, २०८१

निर्णय नं. ८ : भीमेश्वर नगरपालिकाबाट निर्माण भएको भीमेश्वर रङ्गशाला (टुडिखेल) को १६ वटा पसल/सटर भाडामा लगाउन यस कार्यालयबाट पेश भएको तपसिल बमोजिमको न्यूनतम् भाडा दर स्वीकृत गर्ने निर्णय गरियो ।

| कोठा नं. | न्यूनतम् भाडा दर रु | कोठा नं. | न्यूनतम् भाडा दर रु | कोठा नं. | न्यूनतम् भाडा दर रु | कोठा नं. | न्यूनतम् भाडा दर रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ६४००/- | २ | ६४००/- | ३ | ६,०००/- | ४ | ६४००/- | |
| ५ | ६४००/- | ६ | ५१००/- | ७ | ५१००/- | ८ | ५५००/- | |
| ९ | ५१००/- | १० | ५१००/- | ११ | ४४,००/- | १२ | ५८००/- | |
| १३ | ६२००/- | १४ | ५८००/- | १५ | ५८००/- | १६ | ५८००/- | |

निर्णय नं. ९ : भोमेश्वर नगरपलिकाको फोहरमैला व्यवस्थापनलाई प्रविधिमा आधारित सूचना प्रणाली (Mobile App) तथा पुनः चक्रण सम्वन्धी कार्यक्रम सन्चालनका लागि द एसिया फाउन्डेसन (TAF) लाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १० : सर्वसाधारणको सुविधाका लागि भीमेश्वर नगरपालिकाद्वारा सातदोवाटोमा निर्माण भएको सार्वजनिक शौचालय सन्चालन, सरसफाई तथा सामान्य मर्मतका लागि विगतदेखि कृषि बजारस्थित सार्वजनिक शौचालय र सातदोवाटो बहुउदेश्यीय भवनको सार्वजनिक शौचालयमा सरसफाईकर्मीको रुपमा कार्यरत श्री मोहन कार्कीलाई यस कार्यालयलाई थप आर्थिक दायित्व नपर्ने गरी नगरपालिकाले तोकेको सरसफाई शुल्क लिई सातदोवाटो सपिंग

कम्प्लेक्स, खानेपानी तथा शौचालय रेखदेखको जिम्मेवारी २०८२ असार मसान्तसम्मका लागि दिने र कार्य सन्तोष जनक भएमा नवीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : यस कार्यालय र अन्तर्गतका कार्यालयमा करार सेवामा कार्यरत देहायका कर्मचारीहरुले आ-आफ्नो घरायसी कारण देखाउदै आफ्नो पदबाट दिनु भएको राजिनामा स्वीकृत पश्चात भीमेश्वर नगरपालिकाद्वारा मिति २०८०/११/१६ मा स्थानीय राजपत्र प्रकाशन गरी जारी गरिएको करार सेवामा कार्यरत कर्मचारीको सेवा सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० को दफा ३ (१) बमोजिम देहायका बमोजिमको सेवा अवधि पूरा गरेका करार सेवाका कर्मचारीहरुलाई तपसिल बमोजिमको सुविधा प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स. | नाम, थर | पद/तह | शुरु नियुक्ति मिति | अवकाश मिति | जम्मा सेवा अवधि | पाउने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | विन्दिया श्रेष्ठ | अनमी | २०७६/४/१६ | २०८१/०२/१५ | ४ वर्ष १० महिना २९ दिन | ० | पाँच वर्ष नपुगेको |
| २ | कविता बराल | असई | २०७६/५/६ | २०८१/०७/०१ | ५ वर्ष ०२ महिना २१ दिन (५ वर्ष) | ५४,८३७/- | शुरु तलब रु ३२,९०२/- को प्रति वर्ष १० दिनको दरले |
| ३ | लक्ष्मी श्रेष्ठ | अनमी | २०७६/४/१६ | २०८१/०७/०१ | ५ वर्ष ०२ महिना १५ दिन (५ वर्ष) | ४३,३३४/- | शुरु तलब र २५,०००/- को प्रति वर्ष १० दिनको दरले |
| ४ | रेखा लामा | नगर प्रहरी | २०७४/११/२३ | २०८१/०७/०१ | ६ वर्ष ७ महिना १७ दिन (६ महिना भन्दा बढी समयावधिलाई १ वर्ष मान्दा निजको ७ वर्ष हुने) | ६०,८५८/- | शुरु तलब रु २६,०८२/- को प्रति वर्ष १० दिनको दरले |
| | | | जम्मा | | | १,५९,०२९/- | |

निर्णय नं. १२ : गर्भवती तथा सुत्केरी महिलामा हुने मानसिक स्वास्थ्य समस्यालाई समेटी WHO बाट सिफारिस गरिएको सकारात्मक सोचाई Thinking Healthy निर्देशिका भित्र रहेर यस नगरपालिका क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्न

धुलिखेल अस्पताल, पोसिवल हेल्थ र UCSF लाई अनुमति प्रदान गर्ने र उल्लेखित संस्थाले अध्ययन पश्चात एक प्रति अध्ययन तथा अनुसन्धान सम्वन्धी प्रतिवेदन यस कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ : भीमेश्वर नगरपालिका वडा नं. ५ स्थित सेतोढुंगा लिफ्ट खानेपानी आयोजना सन्चालनका लागि थ्री फेज बिद्युत जडान गर्न ब.सि.नं. को २७२ को सार्वजनिक निर्माण पुंजीगत सुधार तथा संरक्षण कार्यक्रमबाट रु ३,५०,०००/- (तीन लाख पचास हजार) भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ : यस नगरपालिकाको बेरुजु रकम बढ्दै गईरहेको सन्दर्भमा सो बेरुजु घटाउदै लैजान तपसिल बमोजिमको बेरुजु फछर्यौट कार्यदल गठन गर्ने निर्णय गरियो ।

संयोजक : केदार प्रसाद घिमिरे, आर्थिक प्रशासन शाखा

सदस्य : ई. नारायण प्रसाद शिवाकोटी, पूर्वाधार विकास शाखा

सदस्य : ज्ञानु कुमार खड्का, जिन्सी ईकाई

निर्णय नं. १५ : यस नगरपालिका वडा नं. २, ३, र ६ मा पर्ने शहरी क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्न यस नगरपालिकाको आर्थिक ऐन, २०८१ ले तोकेको शुल्क नतिर्ने तथा फोहर उत्पादन गरी नगरपालिकाको सेवा लिईरहेका र सदस्य नबनेका घरधनीहरुलाई सदस्य बन्न र सेवा शुल्क तिर्न सम्वन्धित वडा कार्यालय मार्फत पत्राचार गर्न शुल्क नतिर्ने घरधनीहरुको सूची सम्वन्धित वडा कार्यालयमा पठाउने निर्णय गरियो ।

निर्णय नं. १६ : मित्र राष्ट्र चीनको सिचुवान प्रान्तको छेन्दु स्थित दुजियाङयान शहरसंगको मैत्री सम्वन्ध स्थापनाका लागि दुजियाङयान शहरबाट प्रस्तावित समझदारी पत्र (Memorandum of Establishing Friendly Cooperataion Relationship) मा उल्लेख भए बमोजिम आवश्यक समन्वय तथा प्रक्रियाका लागि यस नगरपालिकाको तर्फबाट ईन्जिनियर नारायण प्रसाद शिवाकोटीलाई सम्पर्क अधिकृत (Focal Officer) तोक्ने निर्णय गरियो ।

निर्णय नं. १७ : वडा नं. ५ को वडा कार्यालय भवन निर्माणको लागि यस नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गतको रु २५,००,०००/- बजेटको बाँकी काम उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने र चालु आ.व.बाट नै नयाँ कार्यालय भवनबाट सेवा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १८ : भीमेश्वर नगरपालिका वडा नं. ४ स्थित डिही फसी भै एकिकृत वस्तीको नापी तथा प्राविधिक कार्य अगाडि बढाउन आवश्यक बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. १९ : भीमेश्वर नगरपालिका वडा नं. १ र कालिन्चोक गाउँपालिका वडा नं. ९ बीच पूर्वाधार विकास कार्यालय, दोलखाबाट कार्यान्वयन हुने स्थित थुम्का पिपलबोट चदर्खा पानीघाट सडक टारी खोला पुल आयोजनामा विनियोजित बजेटबाट पुल बन्न नसक्ने भएकोले चालु आ.व.मा उक्त सडकको अतिआवश्यक खण्डमा सडक स्तरोन्नति कार्य गर्नका लागि पूर्वाधार विकास कार्यालय, दोलखालाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. २० : यस नगरपालिकाद्वारा चालु आ.व. २०८१/०८२ मा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरुको सम्झौता म्याद यहि पौष १५ गते समाप्त हुने भएकोले केहि आयोजना तथा कार्यक्रमहरु विविध कारणले सम्झौता हुन बाँकी देखिएको हुँदा योजना सम्झौता गर्ने म्याद २०८१ माघ मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको बैठक मिति २०८१/०९/११

निर्णय नं. २१ : (विविध)

क) दोलखा उधोग वाणिज्य संघ, दोलखालाई पुँजिगत कार्यक्रमका लागि रु १,००,०००/- बराबरको कार्यक्रमको प्रस्तावना पेश भई आएमा उक्त प्रस्तावना पत्र स्वीकृत गरी नियमानुसार बजेट उपलव्ध गराउने निर्णय गरियो ।

ख) २०७९ साल साउन २२ गतेको अविरल वर्षाका कारण मर्यांग खोलाबाट आएको बाढीबाट पिडित गीता नेपालीलाई अस्थायी बसोबासका लागि पहिलो किस्ता उपलव्ध नभएसम्मका लागि राहत कार्यविधि निर्माण गरी सोही कार्यविधिमा व्यवस्था हुने राहत रकम उपलव्ध गराउने निर्णय गरियो ।

ग) यस नगरपालिका वडा नं. ९ लाकुरीडाँडा निवासी लाल बहादुर तामांगको पशु फार्ममा महामारीको कारण पशु चौपाया मरेकोले राहत स्वरूप ब.शि.नं. ५९ बाट रु ५०,०००/- (पचास हजार) उपलव्ध गराउने निर्णय गरियो ।

घ) भिमेश्वर नगरपालिका वडा ३ स्थित छहरा भित्ता खेत सिंचाई कुलो निर्माणका लागि ब.शि.नं. २६२ को बाट रु ५०,०००/- (पचास हजार) उपलव्ध गराउने निर्णय गरियो ।

ङ) वडा अध्यक्ष कप दोस्रो फुटवल प्रतियोगिता, भीनपा ५ सन्चालनका लागि ब.सि.नं. १८१ र ब.सि.नं. १२३ बाट रु ५०,०००/५०,००० हजार गरी रु १,००,०००/- (एक लाख) उपलव्ध गराउने निर्णय गरियो ।

च) पाटी डिल - ठ्याखेत सिचाई कुलो निर्माण, भीनपा ७ लाई ब.सि.नं. २६२ को बाट रु ३०,०००/- (तीस हजार) उपलव्ध गराउने निर्णय गरियो ।

छ) २०८१ असोज १२ गतेको अविरल वर्षाको कारण पहिरो गई भीनपा ४ को कोलेचौर निवासी केशवराज चौलागाईंको घर जोखिममा परेकोले उक्त पहिरो संरक्षणका लागि ब.सि.नं. १८१ बाट रु १,५०,०००/- (एक लाख पचास हजार) विनियोजन भई प्राविधिक कार्य मुल्यांकन समेत पेश भएकोले भुक्तानी दिने निर्णय गरियो ।

ज) भीमेश्वर नगरपालिका वडा नं. ७ मा निर्माणाधीन आद्योगिक ग्राम निर्माण ठेक्का नं. BMP/NCB/WORKS/2080-081E/10 को ठेक्काको म्याद २०८१ चैत्र मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

ईश्वर नारायण
नगर प्रमु